अनुसूची-६
नगर सभाको १८ औं अधिवेशनको
निर्णय नं. ८ संग सम्बन्धित

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# अटो तथा ई-रिक्सा सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**

पुतलीबजार नगरपालिका भित्र दर्ता, नवीकरण, नामसारी तथा ठाउँसारी गरी नगर क्षेत्र भित्र रहेका अटो तथा ई रिक्साको व्यवस्थित रुपमा सञ्चालन गरी आम नगरवासीको आवत जावतलाई सहज बनाई त्यस्ता सवारी साधनको नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ट) को (४) र सोही ऐनको दफा ६४ को उपदफा १ (क) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद १
## नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम **"अटो तथा ई-रिक्सा सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि नगर सभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. **अटो तथा ई-रिक्सा भन्नाले:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ट) (४) बमोजिम नगरपालिकामा दर्ता तथा नवीकरण नामसारी वा ठाँउसारी भई सञ्चालनमा रहेका साना (तीन प्राङ्ग्रे) सवारी साधनलाई सम्झनु पर्दछ ।

ख. **नगरपालिका भन्नाले:-** पुतलीबजार नगरपालिकालाई सम्झनु पर्दछ ।

ग. **नगर कार्यपालिका भन्नाले:-** पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ. **नगर सभा भन्नाले:-** पुतलीबजार नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ङ. **नगर प्रमुख भन्नाले:-** पुतलीबजार नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च. **नगर उप-प्रमुख भन्नाले:-** पुतलीबजार नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

छ. **प्रमुख प्रशासकीय अधिकृत भन्नाले:-** पुतलीबजार नगरपालिकामा कार्यरत नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज. **सवारी साधन भन्नाले-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकामा दर्ता तथा नवीकरण गरी सञ्चालनमा रहेका अटो तथा ई-रिक्सा जस्ता तीन पाग्रे सवारी साधनलाई सम्झनु पर्दछ ।

झ. **कार्यविधि भन्नाले:-** पुतलीबजार नगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन,व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८२ भन्ने सम्झनु पर्दछ ।

ञ. **समिति भन्नाले:-** यस कार्यविधिको दफा ५ बमोजिमको भाडा दर निर्धारण समितिलाई सम्झनु पर्दछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**ट. सवारी धनी भन्नाले:-** यस कार्यविधि बमोजिम नगर क्षेत्र भित्र सञ्चालन हुने अटो तथा ई रिक्साको स्वामित्व भएका व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

**ठ. शहरी सडक भन्नाले -** यस नगरपालिका क्षेत्र भित्र नगरपालिका स्वयंले निर्माण विस्तार मर्मत सम्भार गरेका, सरकार वा अन्य निकायबाट हस्तान्तरण भइ आएका कच्ची तथा पक्की सडकलाई सम्झनु पर्दछ ।

**ड. रुट इजाजत पत्र भन्नाले-** नगरपालिका क्षेत्र भित्र दर्ता नवीकरण नामसारी तथा ठाँउसारी भई नगर क्षेत्र भित्र रहेका सवारी साधनलाई निश्चित क्षेत्रमा (बाटो/सडकमा) सञ्चालन गर्न पाउने गरी नगरपालिकाबाट उपलब्ध गराइएको अनुमतीलाई सम्झनु पर्दछ ।

**ढ. सवारी भाडादर/भाडा भन्नाले:-** नगरपालिका भित्र सञ्चालनमा रहेका सवारी साधन प्रयोग गरे वापत यात्रूले सवारी धनीलाई बुझाउनु पर्ने रकम सम्झनु पर्दछ ।

**ण. तोकिएको अधिकृत भन्नाले :-** यस कार्यविधि बमोजिम विधि बमोजिम नगरपालिका वा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यविधि बमोजिमको कार्य गर्न अख्तियार प्राप्त अधिकृतलाई सम्झनु पर्दछ ।

**त. बिमा भन्नाले :-** यस कार्यविधिको दफा ८ बमोजिमको प्रावधानलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## दर्ता तथा नवीकरण,नामसारी,ठाउँसारी सम्बन्धी व्यवस्था

**३. सवारी साधनको दर्ता -** (१) कुनै पनि सवारी धनी वा संस्थाले नगरपालिकामा दर्ता नगरी कुनै पनि अटो वा ई-रिक्सा सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम नगरपालिका भित्र अटो वा ई-रिक्सा सञ्चालन गर्न चाहने सवारी धनीले **अनुसूची १** मा तोकिए बमोजिमको ढाँचामा सवारी रुट अनुमति र आवश्यक कागजात सहित नगरपालिकाको राजश्व शाखामा दर्ताका लागी निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ताका लागी निवेदन दिने सवारी धनी वा संस्थाले दिएको निवेदन रीत पूर्वक भए/नभएको छानवीन गरी निर्णयार्थ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका कागजात सहित आफ्नो सवारी साधन दर्ताका लागी निवेदन दिने सवारी धनी वा संस्थालाई नगर सभाले तोके बमोजिम नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दस्तुर लिई दर्ता गरि **अनुसूची -२** बमोजिमको ढाँचामा रुट अनुमति/इजाजत पत्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको रुट इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीबाट जारी गरिनेछ ।

**४. सवारी साधनको नवीकरण,नामसारी,ठाउँसारी सम्बन्धी व्यवस्था:-** (१) यस कार्यविधिको दफा ३ को उपदफा (४) बमोजिम दर्ता गरी रुट इजाजत पत्र लिएका सवारी साधनहरुले प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।नवीकरण सम्वन्धी व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम सवारी साधन नवीकरणका लागी दिईने निवेदनको ढाँचा र आवश्यक कागजात अनुसूची- ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) तोकिए बमोजिमको ढाँचा र आवश्यक कागजात समावेश गरी निवेदन दिने सवारी साधन नवीकरणका लागी निर्णयार्थ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सवारी साधनको नवीकरण प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले आर्थिक ऐनमा तोकिए बमोजिमको दर्ता तथा नवीकरण,विलम्ब शुल्क,नामसारी,ठाउँसारी दस्तुर लिई नवीकरण गर्नु पर्नेछ ।

## परिच्छेद ३

## भाडा दर निर्धारण र सहजीकरण समिति

५. भाडा दर निर्धारण र सहजीकरण समितिः- (१) यस कार्यविधि अनुसार नगरपालिकामा दर्ता सवारी साधनको भाडा दर निर्धारण तथा अन्य विषयमा आवश्यक सहयोग तथा समन्वय गर्नका लागी देहाय बमोजिमको एक भाडा दर निर्धारण तथा सहजीकरण समिति रहनेछ ।

| | |
|---|---|
| नगर उपप्रमुख | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| पूर्वाधार शाखा प्रमुख | सदस्य |
| जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |
| जिल्ला ट्राफिक कार्यालयको प्रतिनिधि | सदस्य |
| यातायात कार्यालय स्याङ्जाको प्रतिनिधि | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यस कार्याविधि अनुसार नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सवारी साधनहरुको आर्थिक ऐनमा तोकिएको भाडादरमा आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने ।

ख) सवारी साधनको सञ्चालन तथा व्यवस्थापनका लागी नगरपालिकालाई आवश्यक सल्लाह तथा सुझाव दिने ।

ग) सवारी साधन सञ्चालन तथा व्यवस्थापनका क्रममा देखिन/आउने समस्याहरुको समाधान गर्ने ।

ध) सवारी साधनको सञ्चालनको विषयमा समितिले आवश्यक देखेका अन्य कार्यहरु गर्ने ।

तुलसी राम रेग्मी
नगर प्रमुख

परिच्छेद ४

विविध

**६. सवारी धनी तथा सवारी चालकको काम कर्तव्य** - (१) यस कार्यविधि अनुसार सवारी धनी तथा सवारी चालकको कार्म कर्तव्य देहाय बमोजिम हुनेछ ।

क) कार्यविधि अनुसार सवारी साधनको दर्ता तथा नवीकरण गर्ने,

ख) सवारी साधनको भाडा सबै यात्रुहरुले देख्ने गरी टाँस गर्ने,

ग) तोकिएको भाडादर भन्दा बढी भाडा नलिने,

ध) सवारी साधन प्रयोग कर्ताहरुसंग मर्यादित व्यवहार गर्ने,

ङ) तोकिएको सिट संख्या भन्दा बढी संख्यामा एक पटकमा यात्रु नचडाउने,

च) रुट इजाजत बाहेकको रुटमा सवारी साधन नचलाउने,

छ) सवारी चलाउदाँ अनिवार्यरुपमा नवीकरण गरिएको लाईसेन्स साथमा राख्नु पर्ने,

ज. सवारी साधनहरुलाई तथा सार्वजानिक स्थल अवरोध नहुने गरी निर्धारित पार्किङ स्थल वा नीजि ग्यारेजमा राख्नु पर्नेछ,

झ. सावारी साधन सञ्चालन गर्दा सृजना हने फोहोरमैला तोकिएको स्थानमा मात्र विसर्जन गर्नु पर्नेछ,

ञ. नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्नुपर्नेछ,

ट.नगरपालिकावाट तोकिएको रुट इजाजत दर्ता तथा नवीकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ,

ठ.सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बिमा गराउनु पर्नेछ,

ड. भलाई कोषको व्यवस्था गर्नुपर्नेछ,

ढ) यातायात सम्बन्धी ऐन तथा कानूनमा उल्लेख भए बमोजिमक र अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

**७. भलाई कोषः**

(१) दुर्घटना भई मृत्यू वा घाईते भएका यात्रु तथा अन्य व्यक्ति वा चालक वा सहचालक वा निजका हकवाला वा संरक्षक लाई राहत वा क्षतिपूर्ति रकम उपलब्ध गराउन टेम्पो संचालक व्यवसायी कम्पनी वा तोकिएको निकाय वाट भलाई कोषको स्थापना गर्न सकिनेछ ।

**८. तेस्रो पक्ष बिमा**

१ दुर्घटना भई मृत्यू वा घाईते भएका यात्रु वा अन्य व्यक्ति लाई वा निजका हकवाला वा संरक्षक लाई राहत र क्षतिपूर्ती रकम उपलब्ध गराउन टेम्पो संचालक समिति वा कम्पनी वा अन्य निकाय वाट तेस्रो पक्ष बिमा गर्नु पर्नेछ नगरेमा नगरपालिकाले सेवा सञ्चालनमा रोक लगाउन वा दर्ता इजाजत खारेजीका लागि सम्बन्धीत निकायमा लेखि पठाउन सक्नेछ।

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

९. सजाय तथा पुनरावेदनः

यातायात तथा सवारी धनीले देहायको कार्य गरेमा तोकीएको अधिकृतले सजाय गर्न सक्नेछ। सो सजायमा चित्त नवुझेमा प्रमुख प्रशासकीय समक्ष निवेदन दिई पुनरावेदन गर्न सकिनेछ र निजको निर्णय नै अन्तिम हुनेछ ।

१. रुट अनुमति वा इजाजत नलिई र नवीकरण नगरी कसैले सवारी साधन सञ्चालन गरेको वा चलाएको पाईएमा पटकै पिच्छे ५०००।- रुपैया सम्म जरिवाना गरिनेछ।

२ तोकिए बमोजिमको भाडा दर.भन्दा बढी भाडा लिएको पाईएमा पटकै पिच्छे रु ३०००।- सम्म जरिवाना गर्न सकिनेछ ।

३. हाल कच्ची तथा पक्की सडकमा अनुसूची ३ मा उल्लेखित भाडादर कायम गरिएको छ । समय समयमा आवश्यकता र औचित्यको आधारमा उक्त भाडादर समायोजन तथा व्यवस्थपन गरिनेछ।

१०. प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

११ खारेजी र बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता (१) भएका अटो तथा ई-रिक्सा सवारी साधनलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

पुतलीबजार नगरपालिका (२) टेम्पो अटोरिक्सा,रिक्सा व्यवस्थापन कार्यविधि, २०७५ र यस सम्बन्धमा भएका कार्यपालिकाका निर्णयहरु खारेजी गरिएको छ । साथै अटो तथा ई-रिक्सा सम्बन्धी यस अगाडी भएका निर्णयहरु समेत खारेजी गरिएको छ।

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची- १

## सवारी रुट अनुमतिको लागि दरखास्त

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
पुतलीबजारनगर कार्यपालिका कार्यालय, स्याङ्जा

विषय : सवारी रुट अनुमति पाउँ ।

प्रस्तुत विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा,ई रिक्सा, अटो रिक्सा टेम्पो निम्न रुटमा सञ्चालन गर्न अनुमति पाउन दरखास्त बापत रु १०००। को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं ।

**सवारी साधानको विवरणः**

सवारी साधनको किसिम :
सवारी दर्ता न र दिने कार्यालय ::
चेसिस नं :
ईन्जिन न
मोडल :
बनेको सालः
यात्रु सिट संख्याः

**सवारी धनीको विवरणः**

नामः
ना.प्र.प्र. नं. -
ठेगानाः

**संस्था भए दर्ता विवरणः**

सञ्चालन गर्न माग गरेको रूटः

**संलग्न आवश्यक कागजातहरु**

- दुई प्रति पासपोर्ट साईजको फोटो
- सम्बन्धित सवारी धनीको नागरिकताको फोटोकपी
- प्रा.लि. बाट सिफारिस पत्र
- सवारी जाँचपासको प्रमाणपत्र
- सवारी दर्ता ब्लु बुक (नविकरण भएको)
- चालु आ.व.मा विमा गरेको कागजात
- सवारी चालकको लाईसेन्स (नवीकरण भएको)
- दर्ता भइ अन्यत्र चलाएको भए सोको निस्सा तथा नामसारी गरी चलाएको भए सो को प्रमाणपत्र पेश गर्नुपर्नेछ अन्यथा ब्लु बुकमा भएको मितिलाई दर्ता गर्ने आधार मानिनेछ ।

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय सञ्चालन गर्नेछु/छौ । यसमा लेखिएको व्यहोरा ठीक सांचो छ । झुट्टा ठहरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला ।

तुलसी राम रेग्मी
नगर प्रमुख

आवेदकको नामः
दस्तखतः
मिति -

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

अनुसूची- २

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा

## अनुमति/इजाजत पत्र

अटो तथा ई रिक्सा

मितिः-

इजाजत पत्र नं.

श्री ........................................

..........................................................

तपाईको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधानलाई देहायको रुटमा सवारी साधान सञ्चालन गर्ने रुट इजाजत दिईएको छ । प्रचलित ऐन कानूनको अधीनमा रही सवारी सञ्चालन गर्नु हुन अनुरोध छ ।

**सवारी साधानको विवरणः**

सवारी साधनको किसिम

सवारी दर्ता न र दिने कार्यालय -

चेसिस न

ईन्जिन न

मोडल :

बनेको साल :

यात्रु सिट संख्या

**सवारी धनीको विवरण :**

नाम :

ठेगाना :

**संस्था भए दर्ता विवरणः**

संचालन गर्न अनुमति दिएको रूटः-

संचालन गर्न अनुमति दिएको अवधिः.........................देखि ..................................सम्म

तुलसी राम रेग्मी
नगर प्रमुख

रूट इजाजत पत्र प्रदान गने अधिकारीको

नामः

दस्तखतः

पदः

मिति :

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

| सवारी साधनको विवरण | | | | | | नवीकरण विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सवारीको प्रकृति | मोडल | चेचिस नं. | इञ्जिन नं. | सिट संख्या | रंग | दस्तुर रु. | र.नं. | आ.व. | कैफियत |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

अनुसूची - ३

सवारी रुट नवीकरणको लागि दरखास्त

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय

स्याङजा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

पुतलीबजारनगर कार्यपालिका कार्यालय, स्याङ्जा

विषय : सवारी रुट नवीकरण गरी पाउँ ।

प्रस्तुत विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा,ई रिक्सा, अटो रिक्सा टेम्पो निम्न रुटमा सञ्चालन गर्न आ. वा....................को नवीकरण गरी पाउन निवेदन गरेको छु/छौं ।

**सवारी साधानको विवरणः**

इजाजत नंः

सवारी साधनको नम्वर :

चेसिस नं :

ईन्जिन न

आवेदकको नामथरः

दस्तखतः

ठेगानाः

मितिः

संलग्न आवश्यक कागजातहरु

- नवीकरणको लागि निवेदन
- प्रा.लि.बाट सिफारिस पत्र
- सवारी जाँचपासको प्रमाणपत्र
- पुतलीबजार नगरपालिकाको रुट इजाजत प्रमाणपत्र
- ब्लु बुक (नवीकरण भएको)
- चालु आ.व. मा विमा गरेको कागजपत्र
- सवारी चालकको लाइसेन्स (नवीकरण भएको)

तुलसी राम रेग्मी

नगर प्रमुख

अनुसूची- ४

दर्ता तथा नवीकरण,नामसारी,ठाउँसारी दस्तुर

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा

अटो तथा ई-रिक्सा दर्ता तथा नवीकरण,नामसारी,ठाउँसारी सम्बन्धी व्यवस्था ।

| क्र. सं. | सवारी साधनको विवरण | निवेदन शुल्क | दर्ता दस्तुर | बार्षिक नवीकरण दस्तुर | प्रतिलिपि दस्तुर | नामसारी दस्तुर | ठाउँसारी दस्तुर | खारेजी तथा लगत कट्टा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १. | अटो तथा ई रिक्सा | नगर सभाले तोकेको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ । | | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख